# नेपाल गजेट
## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ २० गते २०२० साल


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

माननीय मन्त्रिपरिषद्का उपाध्यक्षअर्थ मन्त्री श्री सूर्यबहादुर थापाले सम्बत् २०२० साल आषाढ २० गते रोज ५ का दिन दिनुभएको आर्थिक वर्ष ०२०।२१ बजेट वक्तव्य सर्वसधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

माननीय अध्यक्ष महोदय,

श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रको सार्वभौमिकता बचाई देशको विकास र निर्माण नियमित रूपले गतिशील ढङ्गबाट गराउने संकल्प गरिबक्सी मौसूफकै नेतृत्वमा उठाइबक्सेको ऐतिहासिक कदमको फलस्वरूप देश एक निश्चित दिशातिर लाग्यो । यस्ता लक्ष्यहरू सफलतापूर्वक हासिल गर्न राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रका विभिन्न अङ्गहरूमा क्रान्तिकारी परिवर्तन हुन आवश्यक छ ।

राजनीतिक क्षेत्रतर्फ देशको शासन व्यवस्थामा आम जनताले तलैदेखि सक्रिय भाग लिई एक आधारभूत प्रजातान्त्रिक व्यवस्था कायम गर्ने उद्देश्य अनुसार श्री ५ महाराजाधिराज सरकारबाट पञ्चायती दर्शनको स्थापना गरिबक्स्यो, जुन आज हाम्रो शासन पद्धतिको एक



638

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मेरुदण्ड साबित हुनआएको छ । यस पञ्चायती दर्शनमा आघात पुऱ्याउने कतिपय घटनाहरू विगत २ वर्षमा घट्न आए, तर श्री ५ महाराजाधिराजको सुयोग्य नेतृत्वमा सबै देशवासीहरूको सहयोग र सद्भावनाले गर्दा देशको स्वतन्त्रता र अविच्छिन्न सार्वभौमिकता कायम रह्यो । यसै दर्शनको अनुकूल सामाजिक क्षेत्रमा पनि परिवर्तन ल्याउने काम हुंदैछ । मुख्य रूपमा हालै प्रकाशित गरिएको मुलुकी ऐनबाट सामाजिक व्यवहारमा समानता ल्याउने प्रयास भएको छ ।

देशको आर्थिक अवस्था सुधार गर्नेतर्फ २०१७ पौष १ भन्दा अघि कुनै ध्यान नदिइएबाट राष्ट्रको आर्थिक अवस्था दिन–पर–दिन गिर्दै गएको थियो । सरकारी अनावश्यक खर्च बढ्दै गएको थियो र सरकारले आय वृद्धि गर्ने दिशापट्टि विशेष कदम उठाएको थिएन । तर श्री ५ महाराजाधिराज सरकारबाट स्वयं नेतृत्व ग्रहण गरिबक्सेपछि मौसूफको निर्देशन अनुसार श्री ५ को सरकारको ध्यान निरन्तर यसतर्फ आकर्षित रह्यो । आज सरकारले गर्दैआएको प्रयासको फलस्वरूप हाम्रो अर्थ व्यवस्था मजबूत हुने बाटोमा जांदैछ भन्ने देशको निति यस्तो गौरवको कुरा भन्न पाउनाको साथै नयां संविधान अन्तर्गत पञ्चायती व्यवस्थाको आधारमा गठित राष्ट्रिय पञ्चायतको संमुख श्री ५ को सरकारको पहिलो वार्षिक आय–व्यय विवरण पेश गर्न पाउनु मैले आफ्नो सौभाग्य सम्झेको छु । जनताका वास्तविक प्रतिनिधि माननीय सदस्यहरूद्वारा छलफल भई अनुमोदित हुंदा यस बजेटले श्री ५ को सरकारको आर्थिक वर्ष २०२०।२१ को आर्थिक एवं विकास सम्बन्धी नीतिलाई यथार्थ रूपमा प्रतिविम्वित गर्नेछ ।

सरकारी आर्थिक नीति सामाजिक इच्छा तथा लक्ष्यहरूको आधारमा सर्वसाधारण जनताको हितको निति निर्धारित्त गरिन्छ । आर्थिक विकासको निति आय–व्यय व्यवस्थाले आन्तरिक साधनहरूको परिचालन गर्ने र आवश्यक बचत र पूंजी निर्माण गर्नेमा मद्दत गर्छ, जबकि मौद्रिक नीतिले तिनको प्रत्यक्ष चलनलाई नियोजित गर्छ । यस सन्दर्भमा आर्थिक वर्ष २०१९।२० को बजेट पेश गर्दा श्री ५ को सरकारको आर्थिक नीति सम्बन्धी मैले उल्लेख गरेका तीन सिद्धान्तहरू बारे चर्चा गर्नु आवश्यक सम्झन्छु । उक्त सिद्धान्तहरू दीर्घकालीन भए तापनि तिनको प्रतिपादन यस आर्थिक वर्षमा अधिकांश मात्रामा हुन गएको छ । एक त, विकास कार्यको सञ्चालनको निति विदेशी सहायताको बढ्दो निर्भरता क्रमशः घटाउंदै लैजानु पर्ने अत्यावश्यकता माथि मैले जोड दिएको थिएं । निःसन्देह यो कुनै एक दिनमा गर्न सकिने काम होइन, न त आफ्नो सीमित साधनहरूमा निर्भर रहेर हामीले छोटो अवधिमा आवश्यक विकास नै गर्न सक्छौं । सततः परिश्रम गरी क्रमिक रूपले हामीले त्यस दिशातिर जानुपर्ने अवस्था आएको छ र यस आर्थिक वर्षभित्र यस क्षेत्रमा हामीले राम्रो प्रगति गर्न सक्यौं भन्ने मेरो धारणा छ । यस वर्षको वार्षिक बजेट प्रस्तुत गरेको ७ महीनाजति पछि पूरक बजेटमा आवश्यक कटौती गरी साधारणतर्फको खर्चमा ने.रू. ६३ लाख ३२ हजार बचत गरी विकास कार्यमा लगाउन सक्यौं । हाम्रोजस्तो अविकसित देशमा साधनहरूको कमीको समस्याबारे सबै माननीय सदस्यहरूलाई अवगत भएकै कुरा हो । आगामी वर्षमा विदेशी सहायता माथिको हाम्रो परालंवन अरू माथि क्रमशः घटाउंदै लगी आफूमा बढी से बढी भर गर्दै जानेमा सरकारले उठाउन खोजेका कदमहरू पछि उल्लेख गर्दैछु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कृषिप्रधान देशमा उत्पादनको वृद्धि कृषि सुधारमा नै निर्भर गर्छ । व्यवस्था सम्बन्धी सुधारद्वारा, भूमिको न्यायोचित वितरण गराई किसानहरूको अवस्था सुधार्नाको साथै यांत्रिक सुधार गर्न व्यक्तिगत क्षेत्रलाई प्रोत्साहन दिई देशको उत्पादन बढाउने सरकारको नीति रहने छ भन्ने उल्लेख मैले गरेको थिएं । गत वर्षहरूमा कृषिनीति तथा कृषि व्यवस्था सम्बन्धी विषयहरूमा अनेक सुझावहरू पेश भए, तर तीमध्ये कतिपय कार्यरूपमा सफल हुन सकेनन् । अतएव बितेका अनुभवको आधारमा श्री ५ को सरकारले यो महसूस गऱ्यो कि तथ्यांकको अभाव तथा शिक्षाको कमी र स्थानीय चालचलनहरू फरक भएको हाम्रो आजको अवस्थामा प्रयोगात्मक आधारमा सुधार गरिनु पर्छ र भूमिसुधारको निति सर्वप्रथम सर्वसाधारण जनताको मानसिक परिवर्तन हुनुसमेत आवश्यक छ। यस दृष्टिमा हालै प्रकाशमा आएको कृषि व्यवस्था ऐन महत्वपूर्ण छ। यसबाट प्रतिव्यक्ति वा परिवारको जमीनको हदबन्दी निश्चित गर्ने तथा सुरक्षित किसानको व्यवस्था गर्ने जस्ता सुधारहरू हुने भएका छन् । त्यस्तै, कृषि सहकारी बैंकद्वारा न्यायोचित दरमा कृषक वर्गहरूलाई कृषि विकासको निति ऋणको व्यवस्था केही तोकिएका क्षेत्रहरूमा हुनेछ । ऐनहरूमा उल्लेख भएका अवस्थाहरू हाम्रो अहिलेको प्रशासकीय यन्त्रको आधारबाट समेत सबै ठाउंहरूमा लगाउन नसकिने भएकोले तीन छानिएका जिल्लाहरूमा उपर्युक्त दुवै ऐनहरू लागू गरिने छन् र यसबाट प्राप्त हुने आदर्श अनुभवको आधारमा क्रमशः आवश्यक परिवर्तन गरी देशका अरू क्षेत्रहरूमा समेत उक्त ऐनहरू लागू गर्ने सरकारको विचार छ । तर सुरक्षित किसानको हक जस्ता विषयहरू आगामी आर्थिक वर्षमा नेपाल अधिराज्यभर लागू गरिनेछन् । यसको साथै यसै आर्थिक वर्षमा जग्गा नापी गर्ने ऐन पनि निस्क्यो जसले गर्दा जनताहरूमा राम्ररी जग्गा नापी सम्बन्धी ज्ञान हुन सक्ने भएको छ । यसभन्दा अगाडि सनद वा सर्भे अड्डालाई भएका विशेष आदेशले नाप जांचको काम हुन्थ्यो । यस किसिमको सुधारले जनतालाई जग्गा नापी सम्बन्धी र आफ्नो जग्गा कुन किसिमको हो भन्ने कुरा यकीन हुन जानेछ । जग्गा नापी गर्ने सम्बन्धमा जग्गा धनीको हितको समेत विचार राखी आवश्यक प्रतिबन्धहरू रहेकाले सरकारी कर्मचारीहरूले मनमानी किसिमसित रेकार्ड राख्न तथा अरू किसिमबाट जग्गा धनीहरूलाई दुःख दिन पाउने छैनन् । उपर्युक्त सुधारहरूको सामूहिक असर राम्रो पर्दै आएको कुरा हामी सबैले अनुभव गर्दै आएका छौं। यस्ता कदमहरूले कृषक वर्गलाई आफ्नो परिश्रमको उचित मेहनताना पाउनाको साथै उत्पादन बढाउनामा ठूलो योगदान दिनेछन् । वास्तवमा समस्त अधिराज्यभर रहन– सहनको स्तर वृद्धि गराउनमा यो आधारभूत आवश्यकता हो ।

नीति सम्बन्धी तेस्रो विषय हो विकास अनुरूप प्रशासन यन्त्रमा सुधार ल्याउनु । आज सरकारी व्यवस्थाले ज्यादा से ज्यादा मात्रामा राष्ट्रको आर्थिक जीवन सपार्न अगुवा बन्नु परेको छ । यसको निति सरकारी विभागहरूको मांग अनुसार प्रशासन व्यवस्थामा सुधार ल्याउनु छ । साधारण तथा आर्थिक प्रशासन सम्बन्धी शिक्षणमा यस वर्ष विशेष प्रगति भएको छ । खास गरेर सरकारी कार्य प्रणालीमा विकेन्द्रीकरणको मात्रा बढी से बढी रूपले ल्याउन र सरकारी कारोबारमा दक्षताको मात्रा बढी होस् भन्ने हेतुले समेत सरकारी कर्मचारीहरूलाई साधारण

569

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रशासन र आर्थिक प्रशासनमा समेत प्रशिक्षण दिने काम भएको छ । आर्थिक प्रशासनको दक्षतामा नै साधारण प्रशासनसमेत व्यवस्थित रूपले चल्न सक्छ । सरकारी स्रेस्ता व्यवस्थाको आधुनीकरण तथा बजेट सम्बन्धी आर्थिक ऐन, सवाल र नियमको राम्रो किसिमले कार्यान्वित गराउनको निंति जिल्लाहरूमा समेत नयां स्रेस्ता प्रणाली सम्बन्धी प्रशिक्षण दिइंदैछ । आगामी आर्थिक वर्षदेखि आयतर्फको स्रेस्ता आधुनीकरण गर्ने दिशातिर विशेष रूपले ध्यान दिइनेछ । अहिलेको हाम्रो प्रशासन यन्त्रको कार्यकुशलता माथि हामीले प्रत्येक रूपबाट सन्तोष गर्ने अवस्था छैन, तर निजामती सेवाको जगसम्म पनि नभएको हाम्रो जस्तो देशमा एक दुई वर्षभित्र प्रशासकीय सुधार पूर्णरूपले हुन सक्दैन । अतएव सकेसम्म चांडो हाम्रो साधारण तथा आर्थिक प्रशासनमा सुधार ल्याई सरकारी कार्यमा बढी दक्षता ल्याउनेतिर श्री ५ को सरकार सचेष्ट छ ।

अब म चालू आर्थिक वर्षको संशोधित आय–व्यय अनुमान प्रस्तुत गर्दछु । गत सालमा जस्तै ९ महीनाको यथार्थ आय–व्ययको आधारमा चालू आर्थिक वर्षको संशोधित अनुमान तयार गरिएको छ ।

आर्थिक वर्ष ०१९।२०को निंति साधारण आयतर्फ ने.रू. १३ करोड ३८ लाख १६ हजार अनुमान गरिएकोमा ने.रू. १२ करोड ९६ लाख ५१ हजार मात्र हुन सक्ने संशोधित अनुमान छ । भन्सार तथा अन्तःशुल्क तर्फ क्रमशः ने.रू. ३ करोड ४७ लाख र ने.रू. ८० लाख अनुमान गरिएकोमा क्रमशः ने.रू. ३ करोड ७४ लाख र ने.रू. ९२ लाख जति पुग्न जाने संशोधित अनुमान छ । मालपोतबाट ने.रू. ५ करोड ३८ लाख ३४ हजार उठ्ने अनुमान गरिएकोमा ने. रू. ५ करोड २९ लाख ६४ हजार उठ्न सक्ने संशोधित अनुमानछ । वनबाट ने.रू. १ करोड चवालीस लाख ६० हजार आम्दानी हुने अनुमान गरिएकोमा ने.रू. ९८ लाख ५ हजार मात्र आम्दानी हुने संशोधित अनुमान छ । विभिन्न करहरूबाट ने.रू. ४८ लाख ५ हजार अनुमान गरिएकोमा ने.रू. ३६ लाख ५५ हजार जति हुने संशोधित अनुमान छ । यसरी आयका प्रमुख साधनहरू मध्ये कुनै कुनैबाट अनुमानभन्दा संशोधित अनुमान केही लाख घट्न आएको देखिए तापनि अनुमान गरिएको आयको ९७ प्रतिशत जति उठ्ने संशोधित अनुमान छ र यो प्रवृत्ति उत्साहवर्धक हो । साधारणतर्फ खर्च ने. रू. १३ करोड ४५ लाख ३३ हजार अनुमान गरिएकोमा ने.रू. १२ करोड ४३ लाख ५७ हजार हुने संशोधित अनुमान छ । यसरी खर्चतर्फ अनुमान गरिएको ९२ प्रतिशत जति खर्च हुने संशोधित अनुमान छ ।

आर्थिक वर्ष २०१९।२० हाम्रो त्रिवर्षीय योजनाको पहिलो वर्ष हो । यस वर्ष विकासतर्फ ने.रू. १६ करोड ५४ लाख ६६ हजार खर्च गरिने अनुमान गरिएकोमा ने.रू. ९ करोड ४८ लाख ७७ हजार खर्च हुन सक्ने संशोधित अनुमान छ । यस वर्षपनि आशा गरिए जति विकासतर्फ खर्च गर्न सकिएको छैन । तर पनि विगत वर्षहरूको तुलनामा यस वर्ष खर्च गर्ने क्षमता निकै नै बढ्दै गएको छ । गत आर्थिक वर्षमा विकासतर्फ अनुमान गरिएको खर्चको ४६ प्रतिशत खर्च हुने संशोधित अनुमान थियो, तर यस आर्थिक वर्षमा अनुमान गरिएको खर्चको ५७ प्रतिशत

६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्च हुन सक्ने संशोधित अनुमान छ । यस खर्चको धेरैजसो भाग बिजुली, उद्योग तथा शिक्षामा भएको छ । अरू खर्च भएकोमा मुख्य मुख्य क्षेत्र कृषि र वन, पञ्चायत, सडक आदि छन् । उपर्युक्त खर्चमा बजेटमा समावेश भएका विकास आयोजनाहरूको खर्च मात्र परेको छ । बजेटमा समावेश नभएका अरू विकास कार्यहरूको खर्च, जस्तो त्रिशूली विद्युत आयोजना अन्तर्गत भएको ने.रू. २ करोडको खर्च रूसी सहायता अन्तर्गत प्राप्त भएको मेशीनरीको खर्च, अमेरिकी सहायता अन्तर्गत प्राप्त भएको मालसामानको खर्च आदि समावेश गरिएको छैन ।

चालू वर्षमा विकास कार्यक्रमको विचार गर्दा बिजुली, शिक्षा तथा उद्योगतर्फ भएको प्रगति उत्साहवर्धक छ । बिजुलीतर्फ पनौती तथा त्रिशूली जलविद्युत आयोजनामा द्रुतगतिले काम भइरहेको छ र यी दुवै आयोजना त्रिवर्षीय योजना अवधिमा नै पूरा हुने आशा गरिएको छ । यस बाहेक काठमाडौं, हेटौंडा र वीरगञ्जमा स्थापित हुने भएका डिजेल प्लाण्टहरूको निर्माण कार्य पूरा हुने भएको छ । यस्तै काठमाडौं विद्युत वितरण प्रणालीमा सुधार गर्ने काम पनि सन्तोषजनक रूपमा भइरहेको छ । शिक्षातर्फ पनि त्रिवर्षीय योजनाको लक्ष्य अनुसार नै काम भइरहेकोछ । उद्योगतर्फ जनकपुर र वीरगञ्जमा बनिरहेको कारखानाहरूमा जोडतोडले काम हुंदैछ र योजना अवधिमा नै पूरा हुने भएका छन् । यस बाहेक बालाजू र पाटनको औद्योगिक क्षेत्रमा सन्तोषजनक प्रगति भएको छ र काठमाडौं उपत्यकामा एक छाला जुत्ता कारखाना चांडै स्थापित हुने भएको छ ।

चालू आर्थिक वर्षको निंति आयतर्फ साधारण आय (नयां करहरूबाट समेत) ने.रू. १३ करोड ३८ लाख १६ हजार र खर्चतर्फ साधारण खर्च ने.रू. १३ करोड ४५ लाख ३३ हजार र विकासतर्फ श्री ५ को सरकारले बेहोर्नु पर्ने खर्च ने.रु. ३ करोड २७ लाख ४० हजार समेत गरी जम्मा खर्च ने. रू. १६ करोड ७२ लाख ७३ हजार हुनेमा ने.रू. ३ करोड ३४ लाख ५७ हजारको घाटा अनुमान गरिएको थियो । संशोधित अनुमान बमोजिम साधारण तर्फको आय ने.रू. १२ करोड ६६ लाख ५१ हजार र खर्चतर्फ साधारण खचतर्फ ने.रू. १२ करोड ४३ लाख ५७हजार र विकासतर्फ श्री ५ को सरकारले बेहोर्ने खर्च ने.रु. २ करोड ५० लाख ४४ हजार हुने अनुसार ने.रू. १ करोड ६७ लाख ५० हजार मात्र घाटा हुनआएको छ । उक्त घाटाको पूर्ति समय समयमा अल्पकालीन ऋणबाट गरिएको छ ।

विगत केही वर्षदेखि यता हुंदै आएको वार्षिक घाटाहरूको राम्ररी विचार गरी आगामी वर्षको बजेट तयार पारिएको छ । पहिले पहिले बजेटमा पर्दै आएका घाटाहरू मौज्दातबाट व्यहोरिदै आएकोमा विगत ३ वर्ष जतिदेखि यता त्यस किसिमबाट घाटा पूर्ति नगर्नेमा श्री ५ को सरकारले विशेष ध्यान दिंदै आएको छ । करको मात्रा बढाउंदै लगी आन्तरिक साधन-हरूको परिचालन गर्दै गए तापनि पहिलेदेखि जम्मा भएका कतिपय कारणहरूले गर्दा बढेको राजस्व साधारण खर्चको निंतिसमेत पर्याप्त हुन सकेको थिएन । अतएव आफ्नो साधनभन्दा बाहिर कुनै पनि देशले अनिश्चित कालसम्म रहन हुंदैन भन्ने यथार्थ सत्यको आधारमा आगामी वर्षको बजेट तयार पार्दा श्री ५ को सरकारले वास्तविक साधनहरूभित्र सकेसम्म सबै खर्च

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सीमित राख्ने प्रयत्न गरेको छ। एकै पटकमा यतिका वर्षदेखि बिग्रंदै आएको आर्थिक अवस्था सुधार्न सकिन्न, तर पनि क्रमशः आर्थिक अस्थिरतातिर जान लागेको अवस्थालाई रोकी वास्तविक मितव्ययिताको बजेट आज पेश गर्न सफल भएकोमा मलाई अत्यन्त खुशी लागेको छ। हुन त यस आर्थिक वर्षभित्र पनि सर्वोच्च अदालत, योजना परिषद्को पुनर्गठन र सरकारी खर्चबाटै चलिरहेका केही संस्थाहरू (बिजुली, कर्मचारी सञ्चय कोष) स्वचालित संस्थाहरूमा परिवर्तन गरी सालबसाली खर्चमा केही किफायत गरिएको छ। यो प्रक्रिया आगामी केही वर्षको निंति कायम राख्नु पर्नेसमेत देख्दछु।

महोदय, हामीले अवस्था सुधार्नेपट्टि उचित कदम नउठाएमा हाम्रो भविष्य अन्धकारमय हुनेछ भन्ने तथ्यलाई साकार तुल्याउनेमा मेरा सहयोगीहरूको पूर्ण सहयोग भएकोले नै म आगामी वर्षको बजेटमा वास्तविक मितव्ययिता ल्याउन सफल भएको छु। बजेट अनुमान तयार गर्दा खर्च हुन नसक्ने, आवश्यकभन्दा बढी मात्रामा खर्च हुने तथा वर्तमान अवस्थामा आवश्यक भए पनि आर्थिक अवस्थाले खर्च गर्न वाञ्छनीय नभएका रकमहरूको पूरा छानबीन गरेर मात्र खर्चहरू समावेश गरिएका छन्। आगामी आर्थिक वर्षको निंति साधारणतर्फको आय ने.रू. १३ करोड ६८ लाख ७० हजार र खर्चतर्फ ने.रू. ११ करोड ४४ लाख ९४ हजार अनुमान गरिएको छ। यसरी साधारण आय–व्ययबाट ने.रू. २ करोड २३ लाख ७६ हजार बचत गरी विकासतर्फ योगदान गर्न सकेको यो हाम्रो आय–व्ययको इतिहासमा पहिलो पटक हो। यसबाट यो स्पष्ट हुन्छ कि हामी सबै मिली प्रयास गर्दै गयौं भने विदेशी सहायतामा मात्र निर्भर नभई आफ्नै साधनबाट पनि आफ्नो देशको विकास गर्न क्रमशः समर्थ हुंदै जानेछौं।

अध्यक्ष महोदय, आज देशको विकास गर्न हाम्रो निंति मितव्ययिताको ख्याल गरिबक्सी स्वयं श्री ५ महाराजाधिराज सरकारले आगामी आर्थिक वर्षको लागि मौसूफको बाहुली दाखिल हुने वार्षिक रकममा ने.रू. २ लाख ८६ हजार कटौती गर्न हुकूम बक्सेको छ। यसबाट हामी सबैलाई ठूलो प्रेरणा मिलेको छ। अब म आगामी आर्थिक वर्षको व्यय तथा आय अनुमानमा परेका केही मुख्य मुख्य कुराहरूको उल्लेख गर्दछु। मितव्ययिताको आधारमा मन्त्रीहरूको पारिश्रमिक तथा निजी सचिवालयको स्टाफको दरबन्दीमा कटौती गरिएकोछ। यस्तै गरी श्री ५ को सरकारको सचिवालयको खर्चमा यस वर्षको संशोधित अनुमान रू. ३१ लाख ५० हजारबाट आगामी वर्षको निंति ने.रू. २१ लाख ८७ हजार हुन जाने अनुमान गरिराखिएको छ। केही अनावश्यक खर्चहरूमा कटौती गरिएकोले वैदेशिक राजदूतावासहरूको खर्चमा ने. रू. ५५ लाख ४६ हजारबाट ने.रू. ४३ लाख ३५ हजार हुन जाने भएको छ। साधारण खर्चतर्फ शिक्षा, स्वास्थ्य, प्रचार तथा प्रसार र पेन्सन भत्ता तथा उपदान शीर्षकहरू बाहेक अरू सबै शीर्षक-हरूमा चालू आर्थिक वर्षको अनुमानभन्दा आगामी आर्थिक वर्षको अनुमान घट्न गएको छ। साथै आजको परिस्थितिमा आफ्नै भरमा रहनुपर्ने वा आवश्यक नठहरिएका कतिपय अड्डाहरू मध्ये खारेज गर्नुपर्नेजतिलाई खारेज गर्ने र अरूलाई आफ्नै आम्दानीबाट चलाउने व्यवस्था आगामी आर्थिक वर्षभित्र गरिनेभएको छ। यस बाहेक वर्तमान कुमारीचोक ६ फांटलाई

६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ फांटमा गाभी अरू खारेज गर्ने व्यवस्था पनि आगामी आर्थिक वर्षभित्र हुनेछ। स्कूलहरूको आर्थिक सहायताको लागि विकासतर्फ समावेश भइरहेको रकमको २० प्रतिशत सालसालै साधारण तर्फबाट बेहोर्नु पर्ने भएकोले करीब ने.रू. ११ लाख शिक्षामा थप हुन आएको छ। विकास तर्फबाट चलिरहेका वीरगञ्ज, विराटनगर तथा नेपालगञ्जका अस्पतालहरू आगामी आर्थिक वर्षदेखि साधारण तर्फ ल्याइने भएकोले करीब ने.रू. ३ लाख ७४ हजार स्वास्थ्य-तर्फ थप हुन आएको छ। यसले गर्दा शिक्षा तथा स्वास्थ्यतर्फको खर्चको अनुमान बढ्न गएको हो। प्रचार तथा प्रसारतर्फ टेलिप्रिण्टरको स्थापना र रेडियो नेपालको खर्चमा पनि केही वृद्धिले गर्दा अनुमान बढ्न गएको छ। अहिलेसम्म तराई तथा पहाडका जिल्ला-हरूमा धेरै जसो गरी जमिन्दार, पटवारी तथा जिम्मावालहरूले पाउने खान्गी कटाएर मात्र मालपोतको आम्दानी बांध्ने चलन भइरहेकोमा, अब बजेट प्रणाली अनुसार पूरै आम्दानी बांधी यस्तो खान्गी खर्च लेखी दिने व्यवस्था गरिएको छ। यसले गर्दा चालू वर्षको भन्दा आगामी वर्षको निम्ति मालपोत प्रशासन खर्च बढ्न गएको छ; तर साथै आम्दानी पनि बढ्न गएको छ। कर्मचारीहरूले सञ्चय कोषमा जम्मा गरेको रकमको १० प्रतिशत श्री ५ को सरकारबाट कर्मचारीहरूको सञ्चय कोषमा आगामी आर्थिक वर्षदेखि दिने निर्णय भएकोले त्यसको लागि ने.रू. ३ लाख र सरकारी कर्मचारीहरूले विभिन्न ठाउँमा सटही भत्ता, औषधि भत्ता, दुर्गमस्थान भत्ता आदि विभिन्न किसिमका भत्ताहरू पाउने गरेकोमा तिनको सट्टा पहाडी इलाकामा समेत स्थानीय महँगीको अनुपातमा महँगी भत्ता दिने श्री ५ को सरकारले निर्णय गरेकोले त्यसको लागि ने.रू. १६ लाख–समेत गरी जम्मा १९ लाख पेन्सन, भत्ता तथा उपदान शीर्षकमा समावेश गरिएकोले चालू आर्थिक वर्षको अनुमानभन्दा यस शीर्षकमा आगामी आर्थिक वर्षको अनुमान बढ्न गएको छ।

आय तर्फ भन्सार, अन्तःशुल्क करबाट चालू आर्थिक वर्षको संशोधित अनुमानभन्दा केही प्रतिशत बढी नै राखिएको छ। यी साधनहरूबाट हुने आम्दानीको प्रवृत्ति सालसालै बढ्ने किसिमको भएको र साथै प्रशासनमा सुधार हुँदै गएमा पनि यस्ता साधनहरूबाट आम्दानी बढी हुन सक्ने हुनाले नै आगामी आर्थिक वर्षको लागि केही प्रतिशत बढी अनुमान गरिएको हो। मालपोत, रजिष्ट्रेशन तथा सिंचाई र पानीबाट हुने आम्दानी साधारणतया चालू आर्थिक वर्षको संशोधित अनुमान सरह नै राखिएको छ। यस वर्षमा विभिन्न ठाउँहरूमा सरकारबाट नयाँ हुलाकहरू स्थापना गरिएको र आगामी आर्थिक वर्षमा पनि तिनको संख्या बढ्दै जाने र साथै आन्तरिक बिमा सेवा पनि चालू भइसकेकोले हुलाकबाट चालू वर्षको संशोधित अनुमानभन्दा ने.रू. ३ लाख ५० हजार बढी आय हुने अनुमान गरिएको छ। यातायात तर्फ रोपवेबाट चालू वर्षमा ने.रू. ५ लाख आम्दानी हुने अनुमान गरिएको-मा ने.रू. १ लाख मात्र आम्दानी हुने संशोधित अनुमान छ। तर आगामी आर्थिक वर्षको शुरूमा नै नयाँ रोपवे चालू हुने भएकोले रोपवेबाट ने.रू. ८ लाख आम्दानी हुने अनुमान गरिएको छ। वनबाट हुने आम्दानीको अंक चालू आर्थिक वर्षको अनुमानभन्दा न. रू.

667 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५ लाख घटी नै राखिएको छ। श्री ५ को सरकारको विभिन्न कम्पनी, कर्पोरेशन र बैंकिङ्ग संस्थाहरूमा भएको लगानीमा अधिकांश शेयरहरूबाट अहिलेसम्म लाभांश प्राप्त हुन सकेको थिएन। आगामी आर्थिक वर्षमा लाभांश बढी मात्रामा प्राप्त हुने अनुमान भएकोले तिनबाट हुने आम्दानी बढी राखिएको छ। यस वर्ष खाद्यान्न विक्रीबाट हुने आय विविध शीर्षक अन्तर्गत समावेश भएकोमा खाद्यान्न विक्री वितरण व्यवस्थालाई स्वावलम्बी बनाउने निर्णय भएकोले आगामी आर्थिक वर्षको आय व्यय दुवैमा खाद्यान्न विक्री वितरण सम्बन्धी अंक समावेश गरिएको छैन। तसर्थ विविध शीर्षक अन्तर्गत चालू आर्थिक वर्षको लागि ने.रू. ५७ लाख संशोधित अनुमान भएकोमा आगामी वर्षको अनुमान ने.रू. १८ लाख मात्र पुग्न गएको छ।

आगामी आर्थिक वर्ष त्रिवर्षीय योजनाको दोस्रो वर्ष हो। मैले माथि उल्लेख गरेको मुख्य मुख्य आयोजनाहरूमा अझ तीव्रतर गतिले काम हुने आशा गरिएको छ। बढी जनता कृषिमा नै अवलम्बित भएका हाम्रोजस्तो देशमा यस क्षेत्रमा विशेष कार्य हुनु वाञ्छनीय तथा आवश्यक भएकोले यस तर्फ विशेष प्रगति हुने आशा राखेको छु। नवलपुर-मा एक पुनर्वासको कार्यक्रम कार्यान्वित गर्न चाहिने व्यवस्था पनि चाँडै गरिने भएको छ।

आर्थिक वर्ष २०२०।२१ को विकास तर्फको खर्च ने.रू. १८ करोड ६ लाख ३३ हजार हुने अनुमान गरिएको छ। यस रकमको करीब ३१ प्रतिशत श्री ५ को सरकार-बाट र बांकी मित्र राष्ट्रहरूबाट प्रदान गरिएको सहायताबाट बेहोरिने छ। आन्तरिक साधनलाई परिचालन गरी देश विकासको सकेसम्म बढी बोझ आफैंले लिनु पर्दछ भन्ने श्री ५ को सरकारको नीति अनुसार यस वर्षको तुलनामा आगामी आर्थिक वर्षको विकास तर्फको खर्चमा श्री ५ को सरकारबाट करीब १४ प्रतिशत बढी खर्च बेहोरिने भएको छ। विभिन्न मित्रराष्ट्रहरूबाट आगामी आर्थिक वर्षमा प्राप्त हुने सहायताको परिमाण यस प्रकार हुनेछ। संयुक्त राज्य अमेरिका ने.रू. ८ करोड ४५ लाख ५१ हजार, भारत २ करोड ८ लाख ८२ हजार, रूस ७२ लाख ६ हजार र चीन १ करोड। यस बाहेक नेपाललाई स्वीट्जरल्याण्ड, अष्ट्रेलिया, न्यूजिल्याण्ड, बेलायत, इजरायल, संयुक्त राष्ट्र संघ तथा फोर्ड फाउन्डेशनबाट समेत आर्थिक र प्राविधिक सहायता प्राप्त हुँदै आएको छ। रूस तथा बेलायतबाट आगामी आर्थिक वर्षमा क्रमशः ने.रू. १ करोड १४ लाख ५८ हजार र ने.रू. १६ लाख ७६ हजार ऋण प्राप्त हुने भएको छ। यसरी नेपालको आर्थिक विकासप्रति सहानुभूति देखाई सहायता दिने सबै मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई म धन्यवाद ज्ञापन गर्न चाहन्छु।

अब माथि उल्लेख गरिएका साधारण तथा विकास तर्फको जम्मा खर्च ने.रू. २६ करोड ५४ लाख २७ हजार बेहोर्ने साधनहरू बारे विचार गर्दछु। आगामी आर्थिक वर्षको लागि वर्तमान राजस्वका स्रोतहरूबाट ने.रू. १३ करोड ६८ लाख ७० हजार आम्दानी हुने अनुमान छ। विदेशी सहायताबाट ने.रू. १२ करोड ५० लाख २ हजार प्राप्त हुने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुमान छ। विदेशी ऋणबाट ने.रू. १ करोड ३४ लाख ३४ हजार प्राप्त हुनेछ। यसरी यी सबै श्रोतहरूबाट गरी जम्मा ने.रू. २७ करोड ५३ लाख ६ हजार हुन आएमा पनि ने.रू. २ करोड १ लाख २१ हजारजति न्यून हुन जाने देखिन्छ।

---

श्री ५ को सरकारबाट सोझै सञ्चालित नहुने आयोजनाहरूको लागि भारत सरकारबाट प्राप्त हुने सहायताको रकम ने.रू. ४ करोड १६ लाख ७८ हजार यसभित्र परेको छैन।

पहिले पहिलेको घाटाको अनुपातमा उक्त न्यूनता साधारण खर्चको निम्ति नभई त्रिवर्षीय योजनाको दोस्रो वर्षभित्रका आयोजनाहरूलाई चाहिने आर्थिक स्रोत पुऱ्याउनु परेकोले यसको पूर्तिको लागि विभिन्न उपायहरू गर्नु देश विकासको निम्ति ठूलो योगदान गर्नु हो। यसो नगरेमा हाम्रो विकास गति चाहेको मात्रामा नहुने स्वतः सिद्ध छ। साधारणतया यस्ता सबै रकम करद्वारा उठाउनु एक प्रकारले वान्छनीय पनि हो; तर आर्थिक वर्ष २०१९।२० को निम्ति मात्र सरकारले कर व्यवस्थामा निकै परिवर्तन गरेको र हाम्रो कर तिर्ने बानी बसिनसकेको अवस्थामा करको बोझ बिस्तारै बिस्तारै बढाउँदै लैजानुपर्ने भएकोले उपर्युक्त न्यूनता केवल करको वृद्धि गरेर मात्र पूरा गर्नु उचित देखिन्न। फेरि, यस साल लगाइएका करहरू सबै गरेर ६७ प्रतिशतजति उठ्न गएकोबाट नेपाल अधिराज्यको समस्त जनताबाट यत्रो सामूहिक सहयोग पाउँदा पाउँदै पनि कर फेरि विशेष रूपले हरसालै बढाउनु उपयुक्त छैन। अतएव देशको विभिन्न स्थानहरूमा व्यवस्था सम्बन्धी सुधारहरू गराउन, सामाजिक न्याय तथा सरकारी आयको वृद्धिसमेत गराउने उद्देश्य राखी वर्तमान करहरूमा केही परिवर्तन गर्ने प्रस्तावहरू राख्दैछु। यसरी आउने राजस्वले समेत सबै न्यूनता पूरा नहुने भएकोले आन्तरिक ऋणहरू उठाउने व्यवस्था पनि गरिनेछ।

(१) मालपोत दरमा आयको दृष्टिबाट आर्थिक वर्ष २०१९।२० को निम्ति वृद्धि गर्ने अनुमान गरेकोमा अनुमानित अंकजति करीब करीब सबै असूल उपर हुन सक्ने संशोधित अनुमान छ। मालपोतको दर संधैं अदल बदल गर्नाले राम्रो प्रभाव पनि नपर्ने हुनाले र जनताको कर तिर्ने क्षमताभन्दा बढी कर लगाउनु न्यायोचितसमेत नहुनाले आर्थिक वर्ष २०२०।२१ को निम्ति पनि तराई तथा भित्री मधेश तथा काठमाडौं उपत्यकाको मालपोत दरमा कुनै परिवर्तन गरिएको छैन।

तर पहाडी क्षेत्रहरूमा भने स्थान स्थानको स्थानीय रीतिरिवाज र जातपातको आधारमा समेत विभिन्न किसिमका असामयिक व्यवस्थाहरू कायम रहेका र समान किसिमका जग्गा जमीनहरूमा थरी थरीका नगदी तथा जिन्सी तिरोहरू लागिआएकोले त्यतातिर पनि केही सुधार गर्ने दृष्टिकोण राखिएको छ। अतः आर्थिक वर्ष २०२०।२१ को निम्ति काठमाडौं उपत्यका, भित्री मधेश तथा तराईका जिल्लाहरूमा बाहेक निम्नलिखित दरले तिरो या मालपोत लगाई असूल उपर गरिने छ।

५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| माटो | खेतको किसिम | तिरो वा मालपोतको दर (ने.रू. मा) |
|---|---|---|
| १ मुरी के | अवल | ।६५ |
| " | दोयम | ।५५ |
| " | सीम | ।४५ |
| " | चाहार | ।३५ |

तर पहाडी क्षेत्रहरूको पाखा जग्गाको सम्बन्धमा बीजमा तिरो खुलेको जग्गामा १ माना बीजको ने.रू. ।१५ दरले भर मुलुकको दर कायम गरिएको छ। बीजमा तिरो नतोकिई हले, पाटे, कोदालेमा तिरो ठेकिएकोमा हले १ को ने.रू. ३। पाटे १ को ने.रू. १।५० तथा कोदाले १ को ने.रू. ।७५ का दरले तिरो कायम गरिएको छ। खरचरी भनेर मात्र दर्ता भएका जग्गा जमीनको हक्मा भने शत प्रतिशत तिरो वृद्धि गरी उठाउने व्यवस्था गरिएको छ र उपर्युक्त बाहेक अरू कुनै नामले खेत पाखोको तिरो लागेको भए त्यसमा पनि शतप्रतिशत वृद्धि गरिएको छ। पहाडी क्षेत्रहरूमा खेत तर्फ जिल्लाको तेरीजमा अवल, दयम, सीम, चाहार खुलेको ठाउँमा भने माथिको तालिका बमोजिम असूल गरिने छ; तर माटोको किसिम नखुलेको जग्गामा १ मुरी माटोको ने.रू. ।६० का दरले तिरो कायम गरिएको छ। यसको साथै आर्थिक वर्ष २०२०।२१ देखि काठमाडौं उपत्यका बाहेक नेपाल अधिराज्य भर मालले जिन्सीको नगदीमा बुझ्ने सबै किसिमको भाउको व्यवस्था खारेज गरिएको छ। तिरो वा मालपोत बाहेक लगाइएका अरू किसिमका रकमहरू जस्तै झारा, बेठी, सर्वचान्द्रायण, मेग्जिन, खानी रकम, गोल दाउरा कलमात, घ्यू रकम इत्यादि जुनसुकै रकम लागेको भए तापनि त्यस्ता सबै प्रकारका रकमहरू खारेज गरिएका छन्।

मैले प्रस्ताव गरेको मालपोत सम्बन्धी परिवर्तनबाट थप आय केवल ने.रू. ५ लाख जति आउने अनुमान गरिए तापनि यसबाट एकातिर नचाहिंदा रकमहरू सबै खारेज हुन जानेछन् र अर्कोतिर नेपाल अधिराज्यभर करीब करीब भूमिको उत्पादकत्वका आधारमा समान किसिमको तिरो कायम हुन जानेछ भन्ने आशा छ।

(२) प्रशासकीय सरलता तथा सामाजिक न्यायको आधारमा आर्थिक वर्ष २०१९।२० देखि तीन थरीका विभिन्न करहरूको सट्टा आयकर लगाइएको हो। आयकरको मुख्य सिद्धान्त कम्ती आम्दानी गर्नेभन्दा धेरै आम्दानी गर्ने माथि करको भार अनुपातमा बढाउँदै लैजानु हो, तर हाम्रो देशमा प्रारम्भिक अवस्था भएकोले अहिलेसम्म उक्त दर बढ्नुपर्ने अनुपातमा बढाइएको छैन। अरू देशहरूमा जस्तै गरि आयमा सरचार्ज, थप सरचार्ज इत्यादि तह तहको कर नलगाई भइरहेको व्यवस्थालाई नै अझ दरिलो तथा खंदिलो पार्ने र जनताले सिक्दैगएको कर तिर्ने बानीमा अझ सुधार ल्याउने उद्देश्यले आर्थिक वर्ष २०२०।२१ को निम्ति आयकरको दरमा तलको तालिका बमोजिम परिवर्तन गरेको छ :—

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आयकरको दर

| खुद आय ने.रू. मा | करको दर ने.रू. मा |
|---|---|
| ने. रू. ६,००० मा | केही नलाग्ने |
| त्यस पछिको १,००० मा | ४ प्रतिशत |
| " " ४,००० मा | ५ " |
| " " ४,००० मा | ६ " |
| " " ५,००० मा | ७ " |
| " " ५,००० मा | ८ " |
| " " ५,००० मा | १० " |
| " " ५,००० मा | १२ " |
| " " ५,००० मा | १५ " |
| " " १०,००० मा | २० " |
| " " २०,००० मा | २५ " |
| " " ३०,००० मा | ३० " |
| " " जति सुकैमा पनि | ३० " |

यसबाट साधारणतया ने.रू. १५ लाखजति आय वृद्धि हुने अनुमान छ। उद्योग व्यवसायबाट भएको आयमा साबिक बमोजिम २५ प्रतिशत रिहाइ दिइने छ। आर्थिक वर्ष २०१८।१९ को मालपोतमा लाग्ने थप जग्गा कर (Surcherge on Land Reveme) पनि माफि गरिएको छ र जस जसले कर बुझाएका छन् उनीहरूको अरू कर बुझाउँदा हिसाबमा मिलाइने छ।

(३) आय टिकट दस्तूरको बारेमा ठाउँ ठाउँबाट कुनै कुनै कुरामा जनतालाई असुविधासमेत परेको भन्ने बुझिएकोले आजदेखि साबिकको दर खारेज गरी ने.रू. ५०। सम्मको तमसुक र अन्य ऋणपत्र सम्बन्धी कागजपत्रमा छुट दिई सोदेखि माथिको रकममा तलको दर कायम गरिएको छ।

### आय टिकट दस्तुरको दर

| आय टिकट लाग्ने तमसुक र अन्य अंकित मूल्य कागजपत्रमा | दस्तूर ने. रू. मा |
|---|---|
| ने. रू. ५०। सम्म | केही नलाग्ने |
| " ५१। देखि १०० सम्म | १। |
| " १०१। देखि २०० सम्म | २।५० |
| " २०१। देखि ५०० सम्म | ३।५० |
| " ५०१। देखि १,००० सम्म | ४।५० |
| " १००१। देखि माथि जतिसुकै भए तापनि प्रति हजारमा। | ३।५० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माथिको परिवर्तनबाट यस सालको राजस्वमा ने.रू. २ लाखजति वृद्धि हुने अनुमान छ। देशमा बैंक व्यवसायलाई मर्का नपरोस् भन्ने विचारले बैंक ग्यारण्टीजस्ता जहानतपत्र, सुन, चाँदी धितोमा राखी नगद सापटी लिने ऋणपत्र ( ) मा आजदेखि आय टिकट दस्तूर लाग्ने छैन। साथै रजिष्ट्रेशन, जिन्सी लेनदेन र बिगो नखुलेको तमसुक, कागतपत्र तथा बण्डापत्रमा समेत यसबाट छूट दिइएको छ। जुनसुकै पनि घरसारको लेनदेनको कागतपत्रमा समेत लाग्नेगरी अरू कुराको हकमा साबिकै बमोजिम राखिएको छ। आय टिकटको दस्तूर हिसाब गर्दा आय करको अनुसूची अनुसार हिसाब नगरी तमसुकको बिगो अनुसार जुन तहमा पर्छ सोही एउटै दरले हिसाब गर्नुपर्छ।

(४) सिनेमा, नाच, थिएटर, सर्कस, अपेरा, खेल, प्रदर्शनीजस्ता मनोरञ्जनका साधनहरूमा २००८ सालमा लागेको मनोरञ्जन कर नै आजसम्म प्रचलित छ। त्यसमा पनि तराईका जिल्लाहरूमा एउटा दर, काठमाडौं उपत्यका र पहाडी क्षेत्रहरूमा बेग्ला बेग्लै दर कायम भएको छ। एकै अधिराज्यभित्र यसरी असमान रूपले बेग्ला बेग्लै दर हुनु वान्छनीय नदेखिएकोले सबै किसिमका मनोरञ्जनका साधनहरूमा अधिराज्यभर निम्न बमोजिम एउटै किसिमको मनोरञ्जन कर कायम गरिएको छ।

मनोरञ्जन करको दर

| कर बाहेक टिकटको मूल्य निम्न बमोजिम भएमा | करको दर ने.रू. मा |
|---|---|
| ने.रू. ।३१ पैसासम्म | ।१० |
| ” ।६३ ” ” | ।२५ |
| ” १। ” ” | ।४५ |
| ” १।५० ” ” | ।६० |
| ” २। ” ” | १।७५ |
| ” २।५० ” ” | २।५० |
| ” ३। ” ” | ३।५० |

योभन्दा बढी प्रत्येक रुपैयाँमा ने.रू. ।७५ को दरले मनोरञ्जन कर लाग्नेछ।
यसबाट वार्षिक आम्दानी थप ने.रु. ६ लाख हुने अनुमान छ।

(५) होटेल करमा आजदेखि १० प्रतिशतको सट्टा १५ प्रतिशत लगाउने गरिएको छ र होटेलवालालाई भोजनसहित वा रहित बसोवासको सुविधा बापत भुक्तानी गर्ने नगदी १५ प्रतिशत भन्नाले दृश्यावलोकन, तार, टिकट, लण्ड्री, पोष्टेजजस्ता प्रत्यक्ष खर्च समावेश नगर्ने व्यवस्था गरिएको छ। यसबाट थप आय ने.रू. १ लाख हुने अनुमान छ। साथै आजदेखि रेष्टुरां खालका सानातिना होटेल माथि होटेल कर नलाग्ने गरिएको छ।

(६) नेपाल अधिराज्यको हवाई अड्डाबाट विदेशमा उडान गर्दा प्रतियात्रु लाग्ने हवाई उडान कर आजदेखि ने.रू. ५। बाट वृद्धि गरी ने.रू. १०। कायम गरिएको छ। यसबाट थप आय ने.रु. १ लाख हुने अनुमान छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) श्री ५ को सरकारको भंसार सम्बन्धी नीति, उद्योग धन्दा व्यापार व्यवसायको उन्नतिको निम्ति कच्चा मालको पैठारी र तयारी मालको निकासीमा सहुलियत दिने, कच्चा मालको निकासी र तयारी मालको पैठारीमा संरक्षणात्मक महसूल लगाउने तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको व्यापार बढाउनेसित सम्बन्धित छ। उक्त उद्देश्यको आधारमा भंसारको साबिक दरबन्दीमा संलग्न अनुसूची १, २, ३, ४ र ५ बमोजिम परिवर्तन गरिएको छ। पाकिस्तानसित यस साल व्यापार तथा पारवाहन सन्धि भए अनुसार पाकिस्तानबाट पैठारी हुने मालहरूको दरबन्दी अनुसूची ५ बमोजिम लिने गरी कायम गरिएको छ। निकासीको हकमा अनुसूची २ बमोजिम नै कायम गरिएको छ।

समुद्रपारका देशहरूबाट पैठारी हुने धेरै जसो आवश्यकीय मालहरूमा अनुसूची २ दरबन्दी सरह महसूल घटाइएको छ। नेपाल अधिराज्यभित्र नेपालमा लाग्ने स्थानीय खर्च व्यहोर्नका लागि श्री ५ को सरकारको सहायताको निम्ति पैठारी हुने मालसामान-हरू मध्ये सिमेण्ट, कर्कटपाता, फलामे सलरी, छड तथा सूती कपडामा मात्र अनुसूची २ बमोजिम पैठारी महसूल लिने र ती बाहेक अन्य मालसामानहरूमा अनुसूची ३ बमोजिम नै पैठारी महसूल लाग्ने गरिएको छ।

साधारण उपभोक्ताहरूको आवश्यकता माथि ध्यान राखी, मट्टीतेल, सिमेण्ट, फलाम आलमोनियम– धातुका माल, मासु खानहुने पशु, बस, ट्रक तथा लहरीहरूको पैठारीमा साबिकको दरबन्दीको १२ देखि ४० प्रतिशतसम्म महसूल वा सरचार्ज बढाइएको छ। यसबाट हुने कमीको पूर्ति चुरोट, चिनी, बिडी, सलाई आदिको सरचार्ज बढाएर गर्ने व्यवस्था मिलाइएको छ। प्रस्तावित भंसार महसूलको परिवर्तनको फलस्वरूप लगभग ने.रू. ३० लाख बढी आम्दानी हुने अनुमान छ।

(८) साधारण तथा सरकारी आयको दृष्टिले नै अन्तःशुल्क लगाइने र त्यसमा घटबढ हुने हो तापनि हाम्रो देशमा अन्तःशुल्क लगाइएका वस्तुहरूको उत्पादन यथेष्ट भईनसकेकोले यसको उन्नति र बिकासतर्फसमेत विशेष ध्यान राखी समुचित संरक्षण गरेर मात्र तिनको दरमा वृद्धि गरिएको छ। देशमा घरेलु कपडा उद्योगको प्रोत्साहनको लागि कपडा माथि लगाइएको अन्तःशुल्क आजदेखि खारेज गरिएको छ। साबिकमा लगाईआएको दर खारेज गरी तपसीलको दर बमोजिम अन्तःशुल्क लगाइने र असूल उपर गरिने छ।

(क) सलाइ– प्रत्येक सलाइ कांटी ५७६० पांच हजार सातसय साठी (औसत ४० कांटीवाला बट्टाको एक ग्रूस वा १४४ बट्टा) को ने.रू. ३।६० तीन रुपैयां साठी पैसाका दरले अन्तःशुल्क लगाइएको छ। योभन्दा बढी कांटीवाला बट्टा भएमा एक ग्रूसमा बढी– जतिको प्रति १४४ कांटीको र सोभन्दा घटी बांकी बचेको अंशको पनि ने.रू. ।०९नौ पैसाका दरले बढाई लिइने छ। सलाइ कांटी १० वा २० को पेकेटमा पनि प्रति १४४ कांटी वा त्यसको अंशको ने.रू. ।०९ नौ पैसाका दरले अन्तःशुल्क लाग्ने छ।

579

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) चुरोट:– प्रतिहजार चुरोटमा ने.रू. –।३५ पैंतीस पैसा

(ग) चिनी र मिश्री:– प्रतिमन ने.रू. ५।– पांच रुपैयां

(घ) चिनी खाडसारी:– प्रतिमन ने.रू. २।१५ दुई रुपैयां पन्ध्र पैसा

(ङ) मदिरा:– महुवा भट्टी ठेक्कामा दिइएको बाहेक–डिष्टिलरीहरूबाट उत्पादन (तयार) भएका मदिराहरूमा प्रति प्रूफ स्पिरिट ग्यालन ने.रू. ५५। पचपन्न रुपैयां अन्त:शुल्क लगाइएको छ। प्रूफ स्पिरिटभन्दा बढी शक्ति भएमा सोही अनुपातमा बढी र घटी भएमा सोही अनुपातमा कम गरी लिइने छ। तर ब्राण्डी, ह्विस्की र रम ४५ ओ. पी. भन्दा नबढाई डिष्टिल गरी रक्सी झिकी, काठको भांडामा म्याच्योर गरिएको भए सो म्याच्योर गरिएको प्रत्येक पूरा एक वर्षको सो बखत लाग्ने अन्त:शुल्कको सयकडा पांचका दरले, बढीमा तीन वर्षसम्म, सो रक्सी बोतलमा भरी गोदामबाट बिक्री गर्न निकाल्ने अवस्थामा घटाई अन्त:शुल्क लिइनेछ ।

उपर्युक्त परिवर्तनबाट ने.रू. ८ लाख आय बढ्ने अनुमान छ।

(६) श्री ५ को सरकारबाट बनाइएको कच्ची वा पक्की बांध, पैन, नहर, कुलो वा रिजर्भ्वायरबाट खेतीको कामको निम्ति पानी लिए बापत दुई किसिमको बेग्ला बेग्लै दरमा पानी पोत काठमाडौं उपत्यका र पहाडी क्षेत्र तथा तराई क्षेत्रमालगाई आएकोमा साबिक बमोजिम कायम गरिएको छ। यसबाट करीब ने.रू. २ लाख वृद्धि हुने अनुमान छ।

घर जग्गा र विदेशी लगानीको दरमा कुनै हेरफेर नगरी साबिकै बमोजिम कायम राखिएको छ। घोषित शहरी क्षेत्रहरु मध्ये पहाडी शहरी क्षेत्रहरू जस्तै भोजपुर, धनकुटा, इलाम, पाल्पा र पोखरामा कर असूलीको दृष्टिबाट घरहरूको मूल्यांकन गर्दा कर लाग्ने घरहरूको संख्या नगण्य जस्तै भएकोले आगामी वर्ष २०२०।२१ देखि उक्त स्थानहरू शहरी क्षेत्रहरूबाट झिकिएका छन्।

यसरी मैले प्रस्तुत गरेका कर सम्बन्धी प्रस्तावहरूको फलस्वरूप ने.रू. ७० लाख थप आय हुने हुँदा न्यूनता घट्न गई ने.रू. १ करोड, ३१ लाख, २१ हजार हुन आउँछ। यसरी रहन आएको न्यूनता आन्तरिक दीर्घकालीन ऋणबाट पूर्ति गरिने छ। देशमा छरिएका सानातिना बचतलाई देशको विकास कार्यमा परिचालन गर्ने उद्देश्यले श्री ५ को सरकारले आगामी आर्थिक वर्षको निम्ति ६ प्रतिशतका दरले व्याज दिने उपरोक्त रकमसम्मको दीर्घकालीन विकास ऋणपत्रहरू आगामी आर्थिक वर्षभित्र निष्काशन गर्नेछ। यसबाट उठाइएको ऋणको रकम प्रत्यक्ष रूपमा तुरुन्त उत्पादन वृद्धि हुने उद्योग धन्धाहरूमा लगाइने हुँदा भविष्यमा यस्तो ऋण तिर्न सरकारलाई कुनै कठिनाई पर्ने छैन। यस कार्यबाट समस्त नेपाली जनताको हित हुने भएकोले सबै देशवासीहरूको यसमा सक्रिय सहयोग पाउने आशा राखेको छु। साथै विदेशमा लगानी लगाइरहेका सबै नेपालीहरूले देशको विकासको निम्ति विदेशबाट पूंजी फिर्ता ल्याई आफ्नै देशमा लगानी गर्न अनुरोध गर्दछु।

672

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकासोन्मुख देशहरूमा विकास कार्यको लागि आवश्यक विदेशी मुद्रा जुटाउने काम एउटा प्रमुख समस्याको रूपमा अनुभव हुँदै आउने कुरा माननीय सदस्यहरूलाई विदितै छ। हाम्रो विदेशी मुद्राको आर्जन, भारतीय रुपैयाँ बाहेक अरू परिवर्त्य मुद्राहरू सबै गरेर करीब रू. ५ करोडको ने.रू. जति छ। हाम्रो विकासका ८० प्रतिशतजति काम विदेशी सहायता–बाट सम्पन्न हुँदै आएकोले आगामी वर्षको निम्तिसमेत विदेशी मुद्राको आर्जन आवश्यक खर्चको निम्ति पर्याप्त होला भन्ने अनुमान छ र यसरी हामीलाई विदेशी मुद्राको कमी अनुभव भएको छैन। तर विदेशी सहायता माथिको निर्भरता क्रमशः घटाउँदै लैजाने र आन्तरिक पूंजीको परिचालनबाट सकेसम्म देश विकास गर्ने नीति अनुसार भविष्यमा हामीलाई विदेशी मुद्राको बढी बोझ पर्न आउने स्पष्ट छ। तसर्थ विदेशी मुद्राको आयमा सकेसम्म क्रमिक वृद्धि गर्दै जानुपर्ने आवश्यकता छ। विदेशी सहायता, अदृश्य निर्यात आदि बाहेक विदेशी मुद्रा आर्जन गर्ने हाम्रो मुख्य दुई साधन छन्– निर्यात तथा पर्यटन व्यवसाय। हाम्रो निर्यात व्यापार परम्परादेखि छिमेकी राष्ट्र भारतसंग मात्र भइरहेकोले हामीले निर्यातबाट विदेशी मुद्रा चाहिने जति मात्रामा आर्जन गर्न सकेका छैनौं। विगत २ वर्षदेखि हाम्रो विदेशी व्यापार अनेक मुलुकहरूमा फैलाउने प्रवृत्ति आएको छ। भारत बाहेक अरू देशहरूसित व्यापार सम्पर्क बढाइंदै छ। कृषि प्रधान देश हाम्रो भएकोले देशको औद्योगीकरण पर्याप्त मात्रामा नभएसम्म केही कालको निम्ति कृषि उत्पादनको वृद्धि गरेर नै निर्यात व्यापार बढाउनु छ।

अब म आगामी वर्षको विदेशी विनिमय बजेट माथि विचार गर्छु। अहिलेसम्मको अनुभवबाट हाम्रो वास्तविक खर्च आम्दानीभन्दा कम भएकोले विदेशी मुद्राको मौज्दात प्रति वर्ष बढ्दै गएको देखिन्छ। हालसम्ममा खर्चतर्फ प्रति वर्ष बढ्दै गएको अनुपातमा आम्दानी तर्फ पनि वृद्धि नै भई आएको देखिन्छ। पर्यटन व्यवसायबाट हुने आम्दानी केही वर्षदेखि यता एकनास रहिरहेको छ। आर्थिक वर्ष २०१९।२० मा विभिन्न कारणहरूले गर्दा दृश्य निर्यातबाट अनुमान गरिए बमोजिम आम्दानी हुन नसके तापनि विभिन्न अन्य स्रोतहरूबाट हुन आएको आम्दानी, अनुमानित अंक भन्दा बढी हुन आएबाट अनुमानित कूल आम्दानीको शत प्रतिशत नै आम्दानी हुन आउने आशा गरिएको छ। खर्चतर्फ विभिन्न शीर्षकहरू-मा गरी कूल अनुमानित खर्चको लगभग ८६ प्रतिशत मात्र खर्च भै करीब ने.रू. १ करोड २० लाख बचत हुन गै आर्थिक वर्ष २०२०।२१ को निम्ति उपलब्ध हुन आउने देखिएको छ।

आगामी आर्थिक वर्षको प्रस्तुत विदेशी मुद्राको बजेटमा जम्मा ने.रू. ५ करोड ३६ लाख आम्दानी र ने.रु. ४ करोड ६४ लाख खर्च हुने अनुमान गरिएको छ। चालू वर्षको दृश्य निर्यातबाट हुन आएको वास्तविक आयको स्थितिको विचारबाट समेत हेर्दा आगामी वर्षमा गरिने सुधारहरूको आधारमा उक्त स्रोतहरूबाट हुने अनुमानित आम्दानी करीब ने.रू. ४ करोड ६४ लाख राखिएको हो। तर आजको पृष्ठभूमिमा विदेशी मुद्राको मुख्य स्रोतहरू मध्ये प्रमुख स्थान दिइनुपर्ने दृश्य निर्यात र पर्यटन व्यवसायलाई सुदृढ गर्नेतर्फ हाम्रो ध्यान विशेष रूपले आकर्षित हुनपर्ने अवस्था आएको छ।

73
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आन्तरिक साधनहरूको परिचालन तथा उपयोगबाट योजनाबद्ध विकासको निम्ति पूंजी संकलन गर्न सकिन्छ। साथै मैले प्रारम्भमा भने झैं मौद्रिक तथा वित्तीय नीतिद्वारा नै तिनलाई उचित दिशातिर मोड दिन सकिन्छ। अतएव देशको मौद्रिक सुधार गर्ने तिर सरकारको ध्यान आकृष्ट भएको छ।

विगत दोस्रो महायुद्धदेखि यता धेरै वर्षसम्म भा.रू. को सटही दर भा.रू. १०० को सरदर ने.रू. ७१। देखि लिएर ने.रू. १६५। सम्म अनियमित रूपबाट घटबढ भई नै रह्यो। फलस्वरूप राष्ट्रिय मुद्रामा भन्दा भारतीय रुपैयाँमा जनताको विशेष आस्था रहन गई बजार भाउमा समेत ठूलो असर परिनै रह्यो। यस स्थितिको अन्त गर्ने उद्देश्यले श्री ५ को सरकारले घाटा सही पटक पटक सरकारी दर कायम गरे तापनि बजारको खरीद बिक्री दरमा कुनै असर पर्न सकेको थिएन। सरकारले २०१७ साल वैशाखमा भा.रू. १००। को ने.रू. १६०। कायम गरेको सटही दर नेपाल राष्ट्र बैंकले स्थिर राख्दै आएकोले नेपाली मुद्राप्रति जनताको विश्वास तथा आस्था बढ्दैगएको छ। देशमा भैरहेको द्वैध मुद्रा प्रथालाई अन्त गरी राष्ट्रिय मुद्रामा मात्र दैनिक कारोवार चलाउने वातावरणको सृजना क्रमशः गर्न सकिने अवस्था आएको छ। भारतीय सीमानासंग जोडिएको पहाडी जिल्लाहरू समेत कतिपय अन्य पहाडी जिल्लाहरूको साथै तराईका सबै जिल्लाहरूमा भारतीय रुपियाँकै अहिले प्रचलन छ। भरपर्दो तथ्यांकको अभावमा देशभित्र भा.रू. को प्रचलन कति छ भन्न नसकेए तापनि सीमानामा रहेको भारतीय प्रान्तमा प्रचलनमा रहेको भा.रू. को अनुपातमा अनुमान गर्दा करीब भा.रू. २० करोड जति पुग्ने देखिन्छ। उक्त भा.रू.को सट्टामा ने.रू. प्रचलनमा ल्याई ने.रू. प्रचलनको क्षेत्र विस्तार गर्दै लैजान विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ निम्नलिखित क्षेत्रहरूमा आगामी आर्थिक वर्षको भाद्र महीनाको शुरूमा लागू गरिने भएको छ।

| | | |
|---|---|---|
| १. काठमाडौं उपत्यका | २. भद्रपुर नगर पञ्चायत | ३. विराटनगर नगरपंचायत |
| ४. राजविराज नगरपंचायत | ५. हनुमाननगर बजार | ६. जनकपुर नगरपञ्चायत |
| ७. मलंगवा बजार | ८. गौर बजार | ९. कलैया बजार |
| १०. वीरगञ्ज नगरपञ्चायत | ११. बुटवल नगर पञ्चायत | १२. भैरहवा बजार |
| १३. परासी बजार | १४. पकलीहवा बजार | १५. कृष्णनगर बजार |
| १६. शिवराज बजार | १७. नेपालगञ्ज नगरपंचायत | १८. धनगढी बजार |
| १९. पोखरा नगर पञ्चायत | २०. तान्सेन पाल्पा नगर पञ्चायत | २१. धरान बजार। |

आगामी आर्थिक वर्ष भाद्र १ गतेदेखि उपर्युक्त क्षेत्रहरूमा भा.रू. को लेनदेनमा नियन्त्रण भई इजाजत प्राप्त व्यक्तिले वा संस्थासंग मात्र भा.रू. खरीद बिक्रीको कारोवार गर्न पाइनेछ। यसभन्दा अघि यस प्रकारको कारोवारमा उपत्यका भित्र मात्र नियन्त्रण सीमित थियो। यसबाट अब यी क्षेत्रहरूमा क्रमशः ने.रू. प्रचलनको विस्तार हुँदै गई अहिलेको सटही दर अझ मजबूत हुँदै जाने आशा राखिएको छ। देशमा एक प्रकारले

४५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रचलित द्वैध मुद्रा प्रथा क्रमशः हट्दै गई नेपाल अधिराज्यभर राष्ट्रिय मुद्राकै मात्र प्रचलन गराउने दिशातिर यसले ठूलो सहायता गर्नेछ।

अध्यक्ष महोदय, वास्तवमा गत केही वर्षहरूदेखि यता गिर्दै गएको आर्थिक अस्थिरतालाई रोक्न सक्ने अवस्थामा मात्र हामी आज पुगेका छौं, अझै त्यसमा सफलतापूर्वक अगाडि बढ्दै गई विकास गराउन त बांकी नै छ। विगत वर्षहरूमा देशको आर्थिक अवस्था बिग्रंदै गैरहेको भए तापनि नेपालीहरूको विभिन्न किसिमका बढी सुविधाहरू प्राप्त गर्नु तथा आफ्नो आर्थिक स्तर उच्च गर्ने अभिलाषा अत्यधिक मात्रामा बढ्दै गएको थियो। विविध आर्थिक कठिनाईहरूले गर्दा कसैको अभिलाषा पूर्ति गर्ने दिशापट्टि कुनै ठोस काम हुन सकेको थिएन। यस परिस्थितिमा हाम्रो आर्थिक अवस्थालाई सुधार्दै जानु नै विकासोन्मुख युगको निम्ति एक प्रमुख आधारभूत कुरा हो र यसो गरेमा नै क्रमशः सबै नेपालीहरूको अभिलाषा पूर्ति गराउन सक्ने परिस्थितिमा समेत पुगिन्छ। आज सामर्थ्य बाहिरको प्रतिज्ञा गरेर देशको भविष्य बिग्रने आर्थिक नीतिको अनुकरण गर्ने बेला छैन। यसरी वास्तविक तथ्यको आधारमा हामीले अगाडि बढ्नु छ। देशका विभिन्न क्षेत्रहरूको प्रतिनिधित्व गर्ने माननीय सदस्यहरूको सहयोगबाट नै देशको विकासको गति बढ्दै जान सक्छ। हाम्रोजस्तो विकासोन्मुख देशमा साधनहरू हरहमेशा सीमित तथा कमी हुने भएकोले देशका सबै तहहरूका जनप्रतिनिधिहरूलाई संयममितापूर्वक हरक्षेत्रमा आम्दानी सकेसम्म बढाउने र खर्च सकेसम्म घटाउनेमा बोध गराउँदै जानुपर्ने अवस्था छ। आज जुन किसिमको आय–व्यय विवरण मैले यहाँ पेश गरेको छु त्यसमा हामी सबैको आकांक्षा पूर्णतया प्रतिबिम्बित हुनसकेको छ भन्ने मलाई लाग्दैन। विगत कैयौं वर्षदेखि जम्मा हुँदै आएको अनिश्चितता, नैराश्य तथा अरू परम्परागत समाजका समस्याहरू एकै पटकमा खतम गर्न सकिने पनि होइन। हामीले विकसित नेपाली समाज स्थापना गर्ने लक्ष्य प्राप्तिको निम्ति अझै ठूलो तपस्या त्याग तथा बलिदान गर्नुपर्नेछ। प्रत्येक नेपालीले आज देशले विकासको निम्ति आफू र आफ्नो स्वार्थ भन्ने सबै बिर्सी कम्मर कस्नु परेको छ।

महोदय, मुख्य रूपले राष्ट्रिय पञ्चायतका माननीय सदस्यहरूलाई म यो कुरा फेरि अनुरोध गर्न चाहन्छु कि आगामी वर्षको निम्ति हामीले आफ्नो सीमित साधनबाट देश विकासको लागि योग गर्न सक्ने भएकोजस्तै गरी अरू कैयौं वर्षसम्म प्रयास गर्दैजानु छ। यसो गर्दै जान सकेमा मात्र हाम्रो आजसम्म आर्जित विकारहरू निराकरण हुँदै गई देश विकासको बाटोमा अग्रसर हुँदै जान सक्नेछ। अवश्य नै हामी बखत बखतमा नैराश्य होउँला र कतिपय कठिनाईको हामीले सामनासमेत गर्नुपर्ने अवस्था आउला, तर नेपालको वर्तमान आर्थिक परिस्थितिमा यो कुरा स्वाभाविकै हो र किञ्चित् पनि विचलित नभई देशविकासको पवित्र भावनाबाट प्रेरित भएर अगाडि बढ्दैजाने कार्यमा हामीलाई पञ्चायती व्यवस्थाले ठूलो सहयोग दिन सक्नेछ। माननीय सदस्यहरूको ध्यान म यो तथ्यप्रति आकर्षित गर्न चाहन्छु। पञ्चायती व्यवस्था अन्तर्गत सबैको सहयोगको फलस्वरूप नै देश विकासको गति बढ्दै जान सक्छ। यस वर्ष लगाइएका करहरू आशातीत

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रूपले उठ्नु यसको ज्वलन्त उदाहरण हो। यस्तै गरी श्री ५ को सरकारले भविष्यमा पनि सबैको सहयोग पाउँदै जानेछ भन्ने मेरो पूर्ण विश्वास छ।

अध्यक्ष महोदय, देशको आर्थिक अवस्था सुधार्न हरक्षेत्रमा खर्च कम गरी रहन गएको बचत विकास कार्यमा लगाउनु पर्छ भन्ने श्री ५ महाराजाधिराजबाट बखत बखतमा हुकूम भएको सबैमा विदितै छ। यसैको अनुरूप श्री ५ महाराजाधिराज सरकारबाट स्वयं मौसूफमा दाखिल हुने रकममा समेत आगामी वर्षको निम्ति कटौती गरिबक्सेको छ। यसको प्रेरणा स्वरूप सरकारी क्षेत्र बाहेक हामीले अरू क्षेत्रहरूमा समेत किफायत गरी एक एक पैसा उत्पादन बढाउनमा लगाउनु पर्छ। निरन्तर सहयोग र कर्तव्य परायणताले नै श्री ५ महाराजाधिराज सरकारको नेतृत्वमा प्रारम्भ भएको नयाँ युगले क्रमशः सबैलाई सुख तथा समृद्धि दिने स्वचालित समाजमा बदल्ने लक्ष्य हासिल गर्न सक्ने छ।

मुद्रण विभाग, सिंहदरबार

५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# आर्थिक वर्ष २०२०।२१ को आय–व्ययको संक्षिप्त विवरण

**व्यय** — ने.रू. हजारमा

| | | | |
|---|---|---|---|
| २०२०।२१ को कूल अनुमानित खर्च | | | २६,५४,२७ |
| | साधारण तर्फ | ११,४४,६४ | |
| | विकास तर्फ | १८,०६,३३ | |

**आय**

| | | | |
|---|---|---|---|
| राजस्व अनुमान | | | १३,६८,७० |
| विदेशी सहायता | | | १२,५०,०२ |
| | अमेरिका | ८,४५,५१ | |
| | भारत | २०,८,८२ | |
| | चीन | १,००,०० | |
| | रूस | ७२,०६ | |
| | न्यूजील्याण्ड | ५,२७ | |
| | यू. के. | २,५० | |
| | फोर्ड फाउण्डेशन | १४,३३ | |
| | आई. एल. ओ. | १,५० | |
| विदेशी ऋण | | | १,३४,३४ |
| | रूस | १,१४,५८ | |
| | यू. के. | १६,७६ | |
| | | न्यून | २०,१२१ |

**न्यून व्यहोरिने अन्य स्रोतहरू**

| | |
|---|---|
| नयाँ करहरूबाट | ७०,०० |
| आन्तरिक विकास ऋण | १,३१,२१ |

श्री ५ को सरकारबाट सोझै सञ्चालित नहुने केही आयोजनाहरूको लागि भारत सरकारबाट प्राप्त हुने सहायता यस रकमभित्र परेको छैन। यी आयोजनाहरू समेतको विचार गर्दा भारतबाट प्राप्त हुने सहायताको रकम ने.रू. ६ करोड २५ लाख ६० हजार पुग्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# आर्थिक वर्ष २०२०।२१ को व्यय अनुमान

तेरीज

| | साधारण तर्फ | विकास तर्फ | जम्मा |
|---|---|---|---|
| १. अधिराज्यका संवैधानिक अङ्गहरू ---- | ७८,६३ | | ७८,६३ |
| २. साधारण प्रशासन ---- ---- | १,९४,८२ | | १,९४,८२ |
| ३. आयकर प्रशासन ---- ---- | ६६,२२ | | ६६,२२ |
| ४. आर्थिक प्रशासन ---- ---- | १८,५२ | ४०,१८ | ५८,७० |
| ५. न्याय प्रशासन ---- ---- | २७,१६ | | २७,१६ |
| ६. वैदेशिक सम्बन्ध ---- ---- | ५७,२८ | | ५७,२८ |
| ७. सामाजिक सेवाहरू ---- ---- | १,३१,०६ | ४,०८,३६ | ५,३९,४२ |
| ८. आर्थिक सेवाहरू ---- ---- | २,१२,८३ | १३,३१,९६ | १,५४,४७९ |
| ९. रक्षा ---- ---- ---- ---- | २,७५,२६ | | २,७५,२६ |
| १०. विविध ---- ---- ---- | ८३,१६ | २८,८३ | १,११,९९ |
| | ११,४४,९४ | १८,०९,३३ | २९,५४,२७ |

# २०२०।२१ को राजस्व अनुमान

तेरीज

ने.रू. हजारमा

| सि.नं. | शीर्षक | २०१९।२० को अनुमान | २०१९।२० को संशोधित अनुमान | २०२०।२१ को अनुमान |
|---|---|---|---|---|
| १. | भन्सार | ३,४७,०० | ३७,४०० | ४०,५०० |
| २. | अन्तःशुल्क | ८०,०० | ९२,०० | ९४,०० |
| ३. | मालपोत | ५,३८,३४ | ५,२९,६४ | ५,४०,०० |
| ४. | वन | १,४४,६० | ९८,०५ | १,३९,६० |
| ५. | कर | ४८,०५ | ३६,५५ | ४३,४० |
| ६. | रजिष्ट्रेशन | १२,८५ | १४,७५ | १४,७० |
| ७. | सिंचाइ र पानी | ४,४० | ४,४० | ४,७५ |
| ८. | बिजुली | + | + | ४८ |
| ९. | सञ्चार | १५,२५ | १५,५० | २१,०० |
| १०. | यातायात | ४३,०० | ३६,५० | ४६,२५ |
| ११. | ब्याज तथा लाभांश | ७,१२ | ६,१० | १६,४२ |
| १२. | निजामती प्रशासन | ३०,५० | ३०,८० | ३५,०० |
| १३. | विविध | ६७,०५ | ५७,२२ | १८,१० |
| | | १३,३८,१६ | १२,९६,५१ | १३,६८,७० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस रकमभित्र ०१९।२० मा प्रस्तावित नयाँ करहरूबाट हुने अनुमान गरिएको आय ने.रू. ३ करोड ६ लाखसमेत समावेश गरिएको छ।

## २०२०।२१ को व्यय अनुमान

### साधारणतर्फ

ने. रू. हजारमा

| मुख्य शीर्षक | अनुदान शीर्षक | २०१९।२० को अनुमान | २०१९।२० को संशोधित अनुमान | २०२०।२१ को अनुमान |
|---|---|---|---|---|
| १. संवैधानिक अङ्गहरू | १ श्री ५ महाराजाधिराज तथा राजपरिवार | ५७,४० + | ५७,४० + | ५४,५४ + |
| | २ राजसभा | १,३९ | ३९ | १,२२ |
| | ३ राष्ट्रिय पञ्चायत | २,९५ | २,८५ | ९,८१ |
| | ४ महालेखा परीक्षकको विभाग | ५,१० | २,६८ | ५,४५ |
| | ५ सर्वोच्च अदालत | ८,३७ | ६,२५ | ५,९२ |
| | ६ लोक सेवा आयोग | १,९५ | १,२० | १,६९ |
| २. साधारण प्रशासन | ७ मन्त्रिपरिषद् | १०,९९ | ९,२० | ६,५७ |
| | ८ श्री ५ को सरकारको सचिवालय | ३२,६८ | ३१,५० | २१,८७ |
| | ९ जिल्ला प्रशासन | २३,६८ | २३,०० | २६,१० |
| | १० पुलिस | १,०५,४५ | १,०१,२८ | १,०५,४१ |
| | ११ जेल | २६,४४ | २१,६० | २६,४३ |
| | १२ विविध | ६,२६ | ८,६६ | ८,४४ |
| ३. आयकर प्रशासन | १३ मालपोत | ४५,९१ | ४२,०० | ४४,५७ |
| | १४ भंसार | २०,५३ | १८,५७ | १६,०० |
| | १५ अन्तःशुल्क | ७१ | ४१ | ४६ |
| | १६ कर | ३,६५ | २,८७ | ३,१४ |
| | १७ रोडशेष | १,५२ | ५५ | ८९ |
| | १८ आयकर अदालत | २,३५ | १,६३ | १,१६ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ४. आर्थिक प्रशासन र योजना | १९ तथ्यांक | १,१८ | ८२ | १,२० |
| | २० सर्वे | ७१ | ७१ | ७० |
| | २१ टक्सार | १२,६१ | ११,२१ | ११,४१ |
| | २२ ए. ज. अफिस | ५,८५ | ५,८५ | ५,२१ |
| ५. न्याय प्रशासन | २३ अदालत | २२,५१ | १६,७५ | २३,७८ |
| | २४ एटर्नी जनरल | ३,४७ | २,७९ | ३,३८ |
| ६. वैदेशिक सेवा | २५ वैदेशिक | ५५,४९ | ५५,४९ | ४३,३५ |
| | २६ विविध | १४,४५ | १४,३६ | १३,९३ |
| ७. सामाजिक सेवा | २७ शिक्षा | ६६,८९ | ५३,९७ | ७०,५८ |
| | २८ स्वास्थ्य | २३,९७ | १९,४७ | २६,६७ |
| | २९ प्रचार तथा प्रसार | १२,८० | ११,८७ | १५,८८ |
| | ३० पञ्चायत | ३१,०८ | २१,५२ | १७,९३ |
| ८. आर्थिक सेवाहरू | ३१ कृषि | ६७,०७ | ६५,९३ | ७,६७ |
| | ३२ वन | ४८,३५ | ४२,५३ | ३३,८९ |
| | ३३ उ. बा. | ३,३९ | ३,४० | ३,१२ |
| | ३४ सञ्चार | ४९,१६ | ४३,३६ | ४१,७९ |
| | ३५ यातायात | ५०,२२ | ४८,५० | ४८,२८ |
| | ३६ बिजुली | ७,३६ | ६,८५ | ३,२६ |
| | ३७ निर्माण | १,१२,२२ | १,००,८७ | ६५,८२ |
| | ३८ लगानी ऋण तथा व्याज | | | ९,०० |
| ९. रक्षा | ३९ रक्षा | २,७७,०० | २,४६,७३ | २,७५,२६ |
| १०. विविध | ४० शाही परिवार तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ७,०० | ७,०० | ६,०० |
| | ४१ पेन्सन भत्ता तथा उपदान | २४,५० | २४,५० | ४५,९१ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ४२ अतिथि सत्कार | ५० | ५० | १,०० |
| ४३ आकस्मिक सहायता चन्दा र पुरस्कार | १,५० | १,५० | १,५० |
| ४४ पुनः मतदान | १०,०० | ६,३५ | ५,०० |
| ४५ मुआवजा | १८,०० | १७,०७ | २,७५ |
| ४६ अन्य आकस्मिक खर्च | ३,०० | ३,०० | ६,०० |
| ४७ भैपरी आउने | ५५,०० | ५५,०० | १५,०० |
| | १३,४५,३३ | १२,४३,५७ | ११,४४,६४ |

## २०२०।२१को व्यय अनुमान
## विकास तर्फ

ने. रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०१९।२० को अनुमान | २०१९।२० को संशोधितअनुमान | २०२०।२१ को अनुमान |
|---|---|---|---|---|---|
| ४. आर्थिक प्रशासन र योजना | १ | तथ्यांक | २०,१६ | १६,२१ | ८,५१ |
| | २ | सर्भे | २५,१२ | २४,१० | २९,६७ |
| | ३ | एकाउण्टेण्ट तालीम योजना | २,५२ | १,५० | २,०० |
| ७. सामाजिक सेवाहरू | ४ | शिक्षा | १,६३,०६ | १,११,६० | १,७७,४२ |
| | ५ | स्वास्थ्य | १,११,३९ | ९४,९२ | १,३८,२१ |
| | ६ | प्रचार तथा प्रसार | १२,२४ | १२,२४ | १३,९५ |
| | ७ | पञ्चायत | ७६,४८ | ४६,२८ | ७८,७८ |
| ८. आर्थिक सेवाहरू | ८ | कृषि | १,१०,६६ | ६५,१४ | १,३१,६० |
| | ९ | वन | ४६,९५ | ४६,९५ | ५१,५९ |
| | १० | उद्योग वाणिज्य | २,०३,१० | ९७,०८ | ३,७३,८३ |
| | ११ | सञ्चार | १९,०१ | ६,४८ | १७,४४ |
| | १२ | यातायात | १,३२,२३ | ८१,५२ | १,७४,४९ |
| | १३ | बिजुली | २,५०,१० | १,१९,३६ | १,८९,१० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | १४ निर्माण | ३,५७,२३ | १,३१,०५ | ३,७६,७७ |
| | १५ लगानी, ऋण तथा व्याज | ३५,५२ | २६,०० | ८,१४ |
| | १६ इञ्जिनियरिङ्ग | ७,०४ | ७,०० | ६,०० |
| १०. विविध | १७ पुनः मतदान | १०,०० | १०,०० | ५,०० |
| | १८ भैपरि आउने | ५८,०२ | ५०,०० | १५,०० |
| | १९ योजना | १,१९ | १,१९ | १,३३ |
| | २० प्रशासन सुधार | १२,५० | | २,५० |
| | २१ भूमि सुधार | १५ | १५ | ५,०० |
| | | १६,५४,६६ | ६,४८,७७ | १८,०६,३३ |

यो शीर्षकभित्र २०१९।२० मा नि. सं. विकास योजनाको १५ समावेश भएको छ ।

## २०२०।२१ को राजस्व

## अनुमान

ने.रू. हजारमा

| सि.नं. शीर्षक | | उप–शीर्षक | २०१९।२० को अनुमान | २०१९।२० को संशोधित अनुमान | २०२०।२१ को अनुमान |
|---|---|---|---|---|---|
| १. भन्सार | (क) | निकासीबाट | ६०,०० | ६४,०० | ७०,०० |
| | (ख) | पैठारीबाट | १,०५,०० | १,११,०० | १,१५,०० |
| | (ग) | भारतबाट अन्तःशुल्क फिर्ता | १,६०,०० | १,८१,०० | २,००,०० |
| | (घ) | विविध | २२,०० | १८,०० | २०,०० |
| २. अन्तःशुल्क | (क) | ठेक्का रकम | ४०,०० | ५१,०० | ४८,०० |
| | (ख) | औद्योगिक उत्पादन | १८,१० | २०,०० | २५,०० |
| | (ग) | कृषि उत्पादन | १०,०० | २०,०० | २०,०० |
| | (घ) | विविध | २,०० | १,०० | १,०० |
| ३. मालपोत | | | | | |
| | (क) | रैकर | ५,१८,७० | ५,१०,०० | ५,४०,०० |
| | (ख) | गुठी | १९,६४ | १९,६४ | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| **४. वन** | | | |
| (क) लकडी बिक्री | १,४०,०० | ६०,०० | १,२०,५० |
| (ख) जडीबूटी | १,०० | १,५० | २,०० |
| (ग) शिकार तथा रवायल्टी | १० | ५ | १० |
| (घ) वनकस | २,५० | २,५० | ३,०० |
| (ङ) विविध | १,०० | ४,०० | ४,०० |
| **५. कर** | | | |
| (क) आयकर | २६,२५ | २०,०० | २२,७० |
| (ख) मनोरञ्जन | ५,०० | ५,२० | ५,३० |
| (ग) रेडियो | १,३० | १,५० | २,०० |
| (घ) शहरी क्षेत्रको घर जग्गा कर | ३,५० | ५,०० | ५,२५ |
| (ङ) विदेशी लगानी | | | २,१० |
| (च) होटेल कर | १,२५ | १,२५ | १,३० |
| (छ) हवाई उडान कर | ७५ | ६० | ७५ |
| (ज) आयकर टिकट | १०,०० | ३,०० | ४,०० |
| **६. रजिष्ट्रेशन** | | | |
| (क) घर जग्गा | १२,०० | १४,२० | १४,०० |
| (ख) कम्पनी ऐन अन्तर्गत | १० | ५ | १० |
| (ग) फार्म रजिष्ट्रेशन | २० | १० | १५ |
| (घ) एजेन्सी रजिष्ट्रेशन | १० | ५ | १० |
| (ङ) बन्दुक पेस्तौल ,, | ३५ | ३५ | ३५ |
| **७. सिंचाई पानी** | | | |
| (क) पानी पोत | ३,०० | ३,०० | ३,०० |
| (ख) धारा महसूल | १,४० | १,४० | १,७५ |
| **८. बिजुली** | × | × | ४८ |
| **९. सञ्चार** | | | |
| (क) हुलाक | १०,०० | १२,५० | १६,०० |
| (ख) आ. वा. | १,२५ | ५० | २,०० |
| (ग) टेलिफोन | ४,०० | २,५० | ३,०० |
| **१०. यातायात** | | | |
| (क) रेल्वे | १७,०० | १२,०० | १२,०० |
| (ख) रोप्वे | ५,०० | १,०० | ८,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| (ग) हवाई | १,०० | १,०० | १,२५ |
| (घ) रोडशेष | २०,०० | २२,५० | २५,०० |
| **११. व्याज तथा लाभांश** | | | |
| (क) कम्पनी तथा कर्पोरेशन-लाई दिएको व्याज | १२ | १० | १६ |
| (ख) सरकारी जागिरदारलाई दिएको ऋणको व्याज | १,०० | १,०० | १,०० |
| (ग) शेयरमा लगानी | ६,०० | ५,०० | १५,२६ |
| **१२. निजामती प्रशासन** | | | |
| (क) न्याय | १३,५० | १०,०० | १३,०० |
| (ख) शिक्षा | ४,०० | २,०० | २,०० |
| (ग) स्वास्थ्य | १,०० | १,७५ | १,७५ |
| (घ) पशु पालन तथा मत्स्य पालन | ५० | ३० | ५० |
| (ङ) प्रचार तथा प्रसार | १,०० | १,२५ | १,२५ |
| (च) पब्लिक वर्क्स | २,५० | २,५० | २,५० |
| (छ) विविध | ८,०० | १४,०० | १४,०० |
| **१३. विविध** | | | |
| (क) पासपोर्ट र भिसा | ४५ | १,१० | १,२५ |
| (ख) अमियान न्वायल्टी | ६० | १० | २५ |
| (ग) भारत सरकारबाट आउने | १६,०० | १६,०० | १६,०० |
| (घ) खाद्य | ५०,०० | ४०,०० | + |
| (ङ) अरू फुटकर | | २ | ६० |
| | १३,३८,१६ | १२,९६,५१ | १३,६८,७० |

५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विदेशी मुद्राको आयको विवरण

ने. रु. मा

| शीर्षक | २०१९।२० संशोधित अनुमान | २०२०।२१ अनुमानित |
|---|---|---|
| १. अदृश्य निर्यात | २,५४,६५,०९६।०० | २,३४,२०,०००।०० |
| २. दृश्य निर्यात | १८,४२,१११।०० | ६०,००,०००।०० |
| ३. नेपालस्थित विदेशी दूतावास खर्च | १२,०८,७३२।०० | १२,१०,०००।०० |
| ४. विदेशी सहायता | ६६,१८,८००।०० | ५०,००,०००।०० |
| ५. विविध | १,३९,८०,०८१।०० | ६०,००,०००।०० |
| | ४,९१,१४,८२०।०० | ४,१६,३०,०००।०० |
| | २०१९।२० को बचत सारेको– | १,१९,८१,२६९।३९ |
| | | ५,३६,११,१६९।३९ |

## विदेशी मुद्राको खर्चको विवरण

| शीर्षक | २०१९।२० संशोधित अनुमान | २०२०।२१ अनुमानित |
|---|---|---|
| १. राजनैतिक कूटनैतिक | ५३,८९,६८७।०७ | ५४,१९,९३४।६३ |
| २. विकास | १,४४,५३,०३२।२० | २,६१,०४,०५४।२८ |
| ३. जगेडा | ५०,००,०००।०० | ५०,००,०००।०० |
| ४. अदृश्य आयात | ५,९२,१३५।३८ | १०,५०,०००।०० |
| ५. बोनस | ७,५४,९५६।६८ | २६,३४,९३२।०० |
| ६. विविध | ३८,३९,४३३।४९ | ६१,८९,३४०।०० |
| | ३,००,२९,२४४।८२ | ४,६३,९८,२६०।९१ |

आज्ञाले–

डा. यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव.

अर्थ मन्त्रालय ।

४६२

गोरखापत्र छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।